# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा,
सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट
प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत
अध्ययनमा आधारित)

## वार्षिक प्रतिवेदन

(आ.व. २०७१/७२)

नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग
आर्थिक विकास शाखा
बालुवाटार, काठमाण्डौ ।

२०७२ कार्तिक

# अध्ययन विधि तथा समेटिएको क्षेत्र

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७०" अनुरुप अनुसन्धान विभाग, आर्थिक विकास शाखा तथा नेपाल राष्ट्र बैंकका काठमाण्डौ उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) का कार्यक्षेत्र अन्तर्गतका निम्नानुसारका ४७ जिल्लाहरुको समग्र आर्थिक गतिविधि सम्बन्धी विभिन्न तथ्याङ्क एवम् सूचना र स्थलगत अध्ययनका आधारमा तयार पारिएका प्रतिवेदनहरु प्रशोधन गरी यो समष्टिगत वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

| **क्षेत्र** | **अध्ययनमा समेटिएका जिल्लाहरू** |
|---|---|
| काठमाण्डौ | काठमाण्डौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा र सप्तरी |
| जनकपुर* | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | बारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत र म्याग्दी |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडी |

*** तराई क्षेत्रमा जारी बन्द हड्तालका कारण नेपाल राष्ट्र बैंक, जनकपुर क्षेत्र अन्तर्गत सिरहा र उदयपुर जिल्लाको तथ्याङ्क प्राप्त हुन नसकेको ।**

# विषय-सूची


| | पेज नं. |
|---|---|
| **सारांश** | **१-२** |
| **परिच्छेद १ कृषि क्षेत्र** | **३-७** |
| १.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ३ |
| १.२ कृषि उत्पादन | ३ |
| १.३ सिँचाई सुविधा | ५ |
| १.४ क्षेत्रगत कृषि कर्जा स्थिति | ६ |
| १.५ कृषि उत्पादनको परिदृश्य | ६ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | **८-१०** |
| २.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ८ |
| २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ८ |
| २.३ औद्योगिक उत्पादनको परिदृश्य | १० |
| **परिच्छेद ३ सेवा क्षेत्र** | **११-१३** |
| ३.१ पर्यटन उद्योग | ११ |
| ३.२ घर-जग्गा कारोबार | ११ |
| ३.३ वित्तीय सेवा | ११ |
| ३.४ यातायात तथा संचार | १२ |
| ३.५ शिक्षा तथा स्वास्थ्य | १३ |
| ३.६ सेवा क्षेत्रको परिदृश्य | १३ |
| **परिच्छेद ४ प्रमुख चुनौतीहरु** | **१४-१६** |
| ४.१ कृषि क्षेत्र | १४ |
| ४.२ उद्योग क्षेत्र | १५ |
| ४.३ सेवा क्षेत्र | १५ |
| ४.४ पूर्वाधार क्षेत्र | १५ |
| **अनुसूचि** | **१७-१९** |

# *सारांश*


१. यस बैंकबाट अर्ध-वार्षिक रुपमा तयार हुने प्रस्तुत आर्थिक गतिविधि अध्ययन आर्थिक वर्ष २०७१/७२ को वार्षिक तथ्याङ्कमा आधारित रहेको छ । देशका ७५ जिल्लाहरुमध्ये **आर्थिक गतिविधिको दृष्टिले अग्रणी ४५ जिल्लाहरुको स्थलगत सर्वेक्षणका आधारमा** तयार पारिएको यस प्रतिवेदनमा **कृषि, उद्योग र सेवा क्षेत्रको वर्तमान स्थिति र चुनौतीहरु** समेटिएको छ ।

२. आर्थिक वर्ष २०७१/७२ मा अध्ययनमा समेटिएका जिल्लाहरुको **कृषि उपजले ढाकेको क्षेत्रफल अघिल्लो आर्थिक वर्षको तुलनामा ०.८ प्रतिशतले ह्रास** आएको छ भने **उत्पादनमा ०.६ प्रतिशतले गिरावट** आएको छ ।

३. समीक्षा वर्षमा **उद्योगहरुको औसत क्षमता उपयोग ५२.७ प्रतिशत** रहेको छ । त्यसैगरी, सेवा क्षेत्र अन्तर्गत **होटल एवम् शैया संख्यामा वृद्धि** भएको छ भने **घर-जग्गा रजिष्ट्रेशन संख्यामा कमी** आएको छ । २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प तथा तत्पश्चातका परकम्पहरुबाट कृषि, उद्योग एवम् सेवा क्षेत्रमा नकारात्मक असर परेको छ ।

४. आर्थिक वर्ष २०७१/७२ मा **कृषि क्षेत्रको समग्र अवस्था त्यति सन्तोषप्रद रहेन** । अध्ययनमा समेटिएको जिल्लाहरुको प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादनमा २.६ प्रतिशतले, मकैको उत्पादनमा २.१ प्रतिशतले र गहुँको उत्पादनमा ६.५ प्रतिशतले ह्रास** आएको छ । पशुजन्य उत्पादनतर्फ दुधको उत्पादन ४.५ प्रतिशत, मासुको उत्पादन २.४ प्रतिशत र अण्डाको उत्पादन ३.१ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित **कृषि कर्जामा ३०.३ प्रतिशतले वृद्धि भएको छ** ।

५. प्रमुख औद्योगिक उत्पादनतर्फ वनस्पती घिउ तथा तेल समूह, पेय पदार्थ समूह, अन्न तथा पशुदाना समूह , दुग्ध पदार्थ, काठ तथा काठको सामान र प्लाष्टिकजन्य वस्तु आदिको उत्पादन बढेको छ भने अन्य खाद्य पदार्थ समूह, पशिमना, तयारी कपडा, सुर्तिजन्य वस्तु,, कागज, सिमेन्ट, फलामको छड तथा पत्ति, धातुका उपकरण तथा रबरजन्य वस्तु आदिको उत्पादनमा ह्रास आएको छ । समीक्षा वर्षमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा २१.६ प्रतिशतले वृद्धि भएको छ** ।

६. समीक्षा वर्षमा **घरजग्गा कारोबारमा कमी आएको** छ । घर-जग्गा रजिष्ट्रेशन संख्यामा ६.४ प्रतिशतले ह्रास आएको छ भने रजिष्ट्रेशन वापतको राजस्व संकलनमा ४४.३ प्रतिशतले वृद्धि भएको छ ।

७. वित्तीय सेवा अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेप २०.३ प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाहमा २२.३ प्रतिशतले वृद्धि भएको** छ । समीक्षा वर्षमा **कर्जा/निक्षेप अनुपात ७७.४ प्रतिशत कायम रहेको** छ । **कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.३ प्रतिशत रहेको छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५४.७ प्रतिशत रहेको** पाईन्छ ।

८. समीक्षा वर्षमा **दर्ता भएका कुल सवारी साधन संख्यामा १६.९ प्रतिशतले वृद्धि भएको** छ । संचार क्षेत्र अर्न्तगत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल

(जिएसएम प्रि-पेड, पोष्ट-पेड तथा सिडिएमए समेत) एवम् ल्याण्ड-लाइन टेलिफोन संख्याको आधारमा **कुल ९९.८ प्रतिशत जनतामा टेलिफोन सेवाको पहुँच छ भने ४१ प्रतिशत जनतामा ईन्टरनेट सेवाको पहुँच** रहेको देखिन्छ ।

९. कृषि क्षेत्रको विकासका लागि **आधुनिक प्रविधी, सिंचाइमा सुविधामा विस्तार, कृषि उपजको भण्डारण, उन्नत बीउ/विजन, रासायनिक मल, यन्त्र-उपकरणहरु एवम् प्राविधिक सेवाको सहज उपलब्धता, ग्रामीण क्षेत्रमा सडक विस्तार तथा स्तरोन्नती, जस्ता प्रमुख चुनौतिहरु** रहेका छन् । त्यसैगरी, परम्परागत कुलो तथा साना सिंचाइ आयोजनाहरुको यथाशीघ्र मर्मत संभार गर्ने, निर्माणाधीन सिँचाई परियोजनाहरु समयमा नै सम्पन्न गर्ने, कृषि कर्जामा पहुँच सहज बनाउने लगायत समग्र **कृषि क्षेत्रमा व्यवसायिकता अभिवृद्धि गर्ने** चुनौतिहरु रहेका छन् ।

१०. उद्योग क्षेत्रमा **चरम उर्जा अभाव र समय समयमा भईरहने बन्द हड्ताल प्रमुख चुनौतीको रुपमा देखिएका** छन् । **ऊर्जा संकटको समस्या समाधान गर्न आन्तरिक स्रोत साधनको अधिकतम उपयोगका साथै बाह्य लगानी आकर्षित गरिनु आवश्यक छ । उपयुक्त नीतिगत व्यवस्था मार्फत बन्द हड्ताल समस्याको समाधान खोजिनु** आवश्यक छ ।

११. पर्यटन क्षेत्रमा भूकम्पको नकारात्मक असर परेको छ । भूकम्प पश्चात पर्यटक आगमनमा ठूलो गिरावट आई **होटलहरुको अकुपेन्सी दर अत्यन्त न्यून रहेकोले पूर्ववत् पर्यटकहरु आकर्षित गर्नुपर्ने चुनौती** रहेको छ । यसको लागि **क्षतिग्रस्त ऐतिहासिक सम्पदा तथा पर्यटकीय स्थलहरुको यथाशीघ्र पुनर्निर्माण गरी नेपाल सुरक्षित गन्तव्य मूलूक रहेको सन्देश विश्वसामु प्रवाह गर्नु** आवश्यक देखिन्छ ।

१२. स्थलगत अध्ययन एवम् सरोकारवालाहरुसँगको प्रत्यक्ष अन्तर्क्रियाबाट प्राप्त तथ्याङ्क तथा जानकारीको आधारमा **आर्थिक वर्ष २०७२/७३ मा मुलुकको समग्र आर्थिक अवस्था सन्तोषजनक रहने आधार कमजोर देखिएको छ** । भूकम्प पश्चात अत्यावश्यक उन्नत बीउ/विजन, रासायनिक मल एवम् यन्त्र उपकरणहरुको आपूर्ति लगायत प्राविधिक सेवा प्रवाह प्रभावित हुनुका साथै मौसम समेत खासै अनुकुल नरहेकोले **आर्थिक वर्ष २०७२/७३ मा धान लगायत प्रमुख बर्षे बालीहरुको उत्पादन घट्न सक्ने** देखिन्छ । चालु वर्ष हिउँदे बालीहरुको उत्पादन सन्तोषजनक रहने अनुमान गरिएतापनि **समग्र कृषि उत्पादनको वृद्धिदरमा भने कमी आउन सक्ने** देखिन्छ ।


१३. नयाँ संविधान जारी भएपश्चात तराईका जिल्लाहरुमा शुरु भएको बन्द हडताल एवम् सीमा अवरोध जस्ता गतिविधिहरुले **उद्योग क्षेत्रमा समेत नकारात्मक प्रभाव पर्ने अनुमान छ** । साथै, यसबाट देशको समग्र आपुर्ति प्रणाली असहज भएकोले भूकम्पबाट प्रभावित **शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, प्राकृतिक सम्पदा लगायतका क्षेत्रहरुको पुनर्निर्माण तथा विकास कार्य थप प्रभावित हुने** देखिन्छ ।

## परिच्छेद १

# कृषि क्षेत्र

**१.१. कृषि उपजले ढाकेको भू-क्षेत्र** : आर्थिक वर्ष २०७१/७२ मा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफुल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा ०.८ प्रतिशतले ह्रास आएको छ । गत वर्ष यस्तो क्षेत्रफल २.६ प्रतिशतले वृद्धि भएको थियो । (तालिका १, समग्र तथा क्षेत्रगत) ।

(क) **खाद्य तथा अन्य बाली** : समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा १.० प्रतिशतले ह्रास आएको छ । गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफलमा २.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा मकै, फापर, आलु, उखु, दलहन र तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने धान, गहुँ, कोदो, जौं, सनपाट, सुर्ती र भटमास बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।




(ख) **तरकारी तथा बागवानी** : समीक्षा वर्षमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा १.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा पनि उक्त बालीले ढाकेको क्षेत्रफलमा ३.९ प्रतिशतले वृद्धि भएको थियो ।


(ग) **फलफूल तथा मसला** : समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा ०.३ प्रतिशतले ह्रास आएको छ । गत वर्ष यस किसिमका बालीले ढाकेको क्षेत्रफलमा ७.८ प्रतिशतले वृद्धि भएको थियो ।

(घ) **क्षेत्रगत स्थिति** : समीक्षा वर्षमा अध्ययन क्षेत्रका आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल जनकपुर क्षेत्र बाहेक अन्य सबै क्षेत्रमा ह्रास आएको छ भने तरकारी तथा वागवानीले ढाकेको क्षेत्रफल सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल जनकपुर र धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ ।

**१.२ कृषि उत्पादन** : समीक्षा वर्षमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफुल तथा मसला) को कुल उत्पादन ०.६ प्रतिशतले ह्रास आएको छ । गत वर्ष यस्ता बालीहरुको उत्पादनमा ६.३ प्रतिशतले वृद्धि भएको थियो । (तालिका २, समग्र तथा क्षेत्रगत) ।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा प्रमुख खाद्य बालीहरु मध्ये धानको उत्पादन २.६ प्रतिशतले, मकैको उत्पादन २.१ प्रतिशतले र गहुँको उत्पादनमा ६.५ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्ष उक्त बालीहरु मध्ये धानको उत्पादन ८.८ प्रतिशतले, मकैको उत्पादन ७.६ प्रतिशतले र गहुँको उत्पादन १२.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा मनसुन ढिला शुरु भएको तथा २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्प एवम् त्यसपछिका परकम्पहरुका कारण समयमा नै वाली लगाउन र आवश्यक स्याहार सम्भार गर्न नसकिएको तथा रासायनिक मल, उन्नत बिउ-विजनको वितरण एवम् प्राबिधिक सेवा प्रभावित भएकोले प्रमुख खाद्य बाली धान, मकै र गहुँको उत्पादनमा ह्रास आएको हो ।

भौगोलिक आधारमा तुलना गर्दा अध्ययनले समेटेका क्षेत्रहरुमध्ये काठमाण्डौ, विराटनगर, जनकपुर र पोखरा क्षेत्रमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा सामान्य वृद्धि भएको छ भने वीरगञ्ज, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास आएको छ । यस्ता बालीको उत्पादन नेपालगञ्ज क्षेत्रमा सबैभन्दा बढी अर्थात् ४.३ प्रतिशतले घटेको देखिन्छ । खासगरी, प्रमुख खाद्य बाली धान, मकै, गहुं, जौं, सनपाट, भटमास र दलहनको उत्पादन घट्न गएका कारण समीक्षा वर्षमा समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास भएको हो ।




(ख) **तरकारी तथा बागवानी** : समीक्षा वर्षमा तरकारी तथा बागवानी समूहको उत्पादनमा १.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा उक्त समूहको उत्पादन ३.५ प्रतिशतले वृद्धि भएको थियो । अन्य कृषि बालीको तुलनामा तरकारी खेतीमा प्रतिफल उच्च हुने, बजार मागमा आएको वृद्धिले आकर्षक मूल्य प्राप्त हुने तथा सरकारीस्तरबाट सञ्चालित युवा लक्षित कार्यक्रम लगायतका कारण कृषकहरु तरकारी खेतितर्फ आकर्षित हुँदै गएका कारण यस समूहको उत्पादन क्रमिक वृद्धि हुँदै आएको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा वर्षमा तरकारी तथा बागवानी समूहको समग्र उत्पादन काठमाण्डौ, विराटनगर, पोखरा, सिद्धार्थनगर तथा नेपालगञ्ज क्षेत्रमा वृद्धि भएको छ भने जनकपुर, वीरगञ्ज र धनगढी क्षेत्रमा ह्रास आएको छ ।

(ग) **फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ३.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष पनि यस्तो उत्पादन ३.८ प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत आँपको उत्पादन १४.४ प्रतिशतले, केराको उत्पादन ३.३ प्रतिशतले, स्याउको उत्पादन ४.० प्रतिशतले र मसलाको उत्पादन २.५ प्रतिशतले वृद्धि भएको छ ।

सुन्तलाको उत्पादनमा भने ३.४ प्रतिशतले ह्रास आएको छ । गत वर्ष उक्त बालीहरुमध्ये आँपको उत्पादन घटेको थियो भने अन्य सबै फलफूलको उत्पादन बढेको थियो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन काठमाण्डौ र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ ।

उत्पादकत्व तर्फ समीक्षा वर्षमा धानको औसत उत्पादकत्व प्रति हेक्टर ३.५ मे.टन, मकैको २.८ मे.टन, गहुँको २.५ मे. टन र आलुको उतपादकत्व प्रति हेक्टर १३.७ मे.टन रहेको देखिन्छ । त्यसैगरी, क्षेत्रगत रुपमा विश्लेषण गर्दा धानको उत्पादकत्व सबैभन्दा बढी सिद्धार्थनगर क्षेत्रमा प्रति हेक्टर ४.१ मे.टन, मकैको उत्पादकत्व वीरगञ्ज क्षेत्रमा ३.७ मे.टन, गहुँको उत्पादकत्व वीरगञ्ज तथा नेपालगञ्ज क्षेत्रमा २.९ मे.टन र आलुको उत्पादकत्व काठमाण्डौं क्षेत्रमा प्रति हेक्टर १६.७ मे.टन रहेको पाइन्छ ।

उत्पादकत्व प्रति हेक्टर/मे.टन


| **प्रमुख बालीहरुको क्षेत्रगत उत्पादकत्व** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **विवरण** | **काठमाण्डौं** | **विराटनगर** | **जनकपुर** | **वीरगंज** | **पोखरा** | **सिद्धार्थनगर** | **नेपालगंज** | **धनगढी** |
| **धान** | ३.९ | ३.५ | २.५ | ३.५ | ३.२ | ४.१ | ३.९ | ३.० |
| **मकै** | २.५ | ३.० | ३.६ | ३.७ | २.६ | २.३ | २.२ | १.७ |
| **गहुँ** | २.४ | २.६ | २.४ | २.९ | २.१ | २.५ | २.९ | २.० |
| **आलु** | १६.७ | १३.२ | ११.३ | १३.८ | ११.१ | ११.५ | १३.९ | १३.८ |

(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** समीक्षा वर्षमा दूधको उत्पादनमा ४.५ प्रतिशतले, मासुको उत्पादन २.४ प्रतिशतले तथा अण्डाको उत्पादन ३.१ प्रतिशतले बृद्धि भएको छ । अघिल्लो वर्ष उक्त उत्पादनहरुमध्ये दूधको उत्पादनमा ३.६ प्रतिशतले तथा मासुको उत्पादनमा १.४ प्रतिशतले वृद्धि भएको थियो भने अण्डाको उत्पादनमा १.३ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा माछाको उत्पादन ९.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यसको उत्पादनमा २५.६ प्रतिशतले वृद्धि भएको थियो । व्यवसायिक माछापालनलाई प्रोत्साहन गर्न सरकारीस्तरबाट आर्थिक अनुदान तथा अन्य प्राविधिक सहयोग प्रदान गरिएको, माछाको मागमा आएको वृद्धिका कारण कृषकहरुले आकर्षक बजार मूल्य पाउन थालेको लगायतका कारण यसतर्फ कृषकहरुको आकर्षण बढ्न गई माछाको उत्पादन क्रमिक रुपमा वृद्धि हुँदै गएको हो । त्यसैगरी, समीक्षा वर्षमा काठ तथा दाउराको उत्पादन क्रमशः ४१.७ प्रतिशतले र २२.३ प्रतिशतले वृद्धि भएको छ । (तालिका ३, समग्र तथा क्षेत्रगत) ।

क्षेत्रगत रुपमा तुलना गर्दा दूधको उत्पादन सबै क्षेत्रमा वृद्धि भएको छ भने मासु तथा अण्डाको उत्पादन पोखरा क्षेत्र बाहेक अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । माछाको उत्पादन काठमाण्डौ क्षेत्रमा बाहेक अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, वनजन्य उत्पादनतर्फ काठको उत्पादन काठमाण्डौ, पोखरा, नेपालगञ्ज तथा धनगढी क्षेत्रमा ह्रास आएको छ भने विराटनगर, जनकपुर, वीरगञ्ज र सिद्धार्थनगर क्षेत्रमा वृद्धि भएको छ ।

१.३ **सिँचाई सुविधा :** समीक्षा वर्षमा अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको कुल सिँचित क्षेत्रफल ३.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष उक्त क्षेत्रफलमा १.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल खेती गरिएको क्षेत्रफलमध्ये ४४.८ प्रतिशत क्षेत्रफल सिँचित रहेको पाईन्छ । कुल सिँचित

क्षेत्रफलमध्ये ३७.६ प्रतिशत कुलो, ५०.८ प्रतिशत नहर, ९.८ प्रतिशत बोरिङ्ग तथा १.८ प्रतिशत पोखरीबाट सिँचाई भएको देखिन्छ। (तालिका ४, समग्र तथा क्षेत्रगत)।




**१.४ क्षेत्रगत कृषि कर्जा स्थिति :** आर्थिक वर्ष २०७१/७२ मा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कृषि कर्जा ३०.३ प्रतिशतले वृद्धि भई रु. ६१ अर्ब ३० करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा २३.५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा प्रवाहित कुल कृषि कर्जा मध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३०.१ प्रतिशत अर्थात् रु. १८ अर्ब ४६ करोड रहेको छ भने सबैभन्दा न्यून सिँचाईमा ०.१ प्रतिशत अर्थात् रु. ५ करोड रहेको छ। समीक्षा वर्षमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ४.७ प्रतिशत रहेको छ। (तालिका ५, समग्र तथा क्षेत्रगत)।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश सबैभन्दा बढी अर्थात ३९.३ प्रतिशत र नेपालगञ्ज क्षेत्रको अंश सबैभन्दा कम अर्थात ४.३ प्रतिशत रहेको छ।

## १.५ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) आर्थिक वर्ष २०७२/७३ मा मनसुन ढीला शुरु भएकोले समयमै रोपाईं गर्न नसकिएको, गत बर्ष भन्दा कम क्षेत्रफलमा धान खेती गरिएको, भूकम्प पश्चात उन्नत बिउ-विजन, रासायनिक मल तथा यन्त्र उपकरणको आपूर्ति असहज भएको, प्राविधिक सेवा प्रभावित भएको तथा तराई क्षेत्रमा जारी बन्द हड्ताल एवम् सीमा अवरोधले आपूर्ति व्यवस्था अझै असहज भएको कारण प्रमुख खाद्य बालीमध्ये धानको उत्पादनमा ह्रास आउने अनुमान गरिएको छ।

(ख) विभिन्न जिल्लाहरुमा Maize Mission कार्यक्रम सञ्चालनमा रहेको र खासगरी बेमौसमी मकैबाट बढी मूल्य प्राप्त हुने हुँदा यसतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको छ। तर रासायनिक मलको आपूर्ति असहज हुँदै गएकोले चालु आर्थिक वर्षमा मकैको उत्पादन अपेक्षित वृद्धि हुने देखिएको छैन। तराईका जिल्लाहरुमा साना सिंचाई र डिप बोरिङ्ग विस्तारका योजनाहरु सम्पन्न हुँदै गएको, हिउँदमा मौसम अनुकुल रहने अनुमान गरिएको एवम् अभियानमुखी दलहन तथा मसुरो प्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको कारण यस वर्ष हिँउदे बालीहरु गहुँ र दलहनको उत्पादनमा सकारात्मक प्रभाव पर्ने देखिएको छ।

बजारमा बढ्दो माग र अन्य खेतीको तुलनामा उच्च प्रतिफल प्राप्त हुनुका साथै सरकारी स्तरबाट सञ्चालित अभियानमुखी युवालक्षित कार्यक्रमका कारण व्यावसायिक तरकारी तथा फलफूल खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएकाले चालु आर्थिक वर्षमा तरकारी तथा बागवानी एवम् फलफुल उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

(ख) कृषि ऋण सहज बन्दै गएको, सरकारी स्तरबाट युवालक्षित प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिएको, पशु वीमा साथै अनुदानका कार्यक्रमहरु लागू गरिएको, प्राविधिक सेवा विस्तार गरिएको सन्दर्भमा पशुपंक्षी व्यवसायका लागि युवाशक्ति आकर्षित भई नयाँ फार्महरु स्थापना गर्ने क्रम बढ्दै गएकोले मासु, दूध लगायतका पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ ।

(ग) यद्यपी, तराई क्षेत्रमा जारी वन्द हडताल एवम् सीमा अवरोधको परिणामस्वरुप कुखुराका लागि आवश्यक पर्ने दाना तथा भ्याक्सीनको आपुर्तिमा समस्या हुन गएको, इन्धन अभावका कारण बजार पहुँचमा असहजता सिर्जना भएको र यस्तो अवस्था अझै केही समय लम्बिन गएमा कुखुराको मासु एवम् अण्डा उत्पादनमा गिरावट आउन सक्ने अनुमान गरिएको छ । त्यसैगरी, माछापालन व्यवसायलाई प्रोत्साहन गर्न पोखरी निर्माण तथा माछाका भुरामा अनुदान कार्यक्रमको निरन्तरता दिइएको र मत्स्यपालन व्यवसाय विस्तार गर्न Fish Mission लगायतका प्रर्वद्धनात्मक कार्यक्रमहरु संचालनमा रहेको, बजार मागमा आएको विस्तार र बढ्दो मूल्य लगायतका कारण चालु आर्थिक वर्षमा माछाको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

(ग) गत बैशाख १२ गतेको विनाशकारी भूकम्पले क्षति पुऱ्याएका जिल्लाहरुमा पुनर्निर्माणका लागि आवश्यक काठ उपलव्ध गराउन सरकारले सरकारी तथा सामुदायिक वन क्षेत्रबाट काठको निकासी गर्ने, तराई क्षेत्रमा भएको लगातारको वन्द हडतालका कारण पेट्रोलियम पदार्थको आपुर्तिमा आएको अवरोधका कारण सर्वसाधारणलाई आवश्यक पर्ने उर्जाको लागि दाउराको आपुर्ति बढाउने भएका कारण चालु आर्थिक वर्षमा वनजन्य उत्पादन तर्फ काठ दाउराको उत्पादन वृद्धि हुने देखिन्छ ।

परिच्छेद २

# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५२.७ प्रतिशत रहेको छ । यस अवधिमा चाउचाउ उद्योगको क्षमता उपयोग सबैभन्दा बढी अर्थात् ९१.२ प्रतिशत रहेको छ भने चामल उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् ९.१ प्रतिशत रहेको देखिन्छ । (तालिका ६, समग्र तथा क्षेत्रगत) ।

(ख) सर्वेक्षणमा समेटिएका उद्योगहरुमध्ये भटमासको तेल, तोरीको तेल, प्रशोधित दुध, गहुँको पिठो, पशुदाना, चकलेट, चाउचाउ, प्रशोधित चिया, वियर, हल्का पेय पदार्थ, चिरेको काठ, रंग, साबुन, प्लाष्टिकका सामान, सिमेन्ट, जि-आइ तार, घरेलु धातुका सामान, अल्मुनियम उत्पादन र कपडाको जुत्ताको उत्पादनमा वृद्धि भएको छ भने वनस्पति घिउ, चामल, विस्कुट, चिनी, मदिरा, चुरोट, धागो, सिन्थेटिक कपडा, पश्मिना, जुटका सामान, गार्मेण्ट, प्रशोधित छाला, कागज, रोजिन, औषधि, ईटा, फलामे छड तथा पत्ति, विजुलिको तार र टायर तथा ट्युवको उत्पादनमा ह्रास आएको छ । (तालिका ७, समग्र तथा क्षेत्रगत) ।

(ग) समीक्षा वर्षमा भटमासको तेलको उत्पादन १५.३ प्रतिशतले, प्रशोधित दुध १०.९ प्रतिशतले, पशुदाना १०.६ प्रतिशतले, हल्का पेय पदार्थ १७.३ प्रतिशतले, घरेलु धातुका सामान २६.६ प्रतिशतले, साबुन उत्पादन १२.१ प्रतिशतले तथा रंगको उत्पादन २६.७ प्रतिशतले वृद्धि भएको छ । अर्कोतर्फ, चामल उत्पादन ४३.३ प्रतिशतले, विस्कुट १४.१ प्रतिशतले, मदिरा ३९.१ प्रतिशतले, सिन्थेटिक कपडा २६.५ प्रतिशतले एवम् कागज उत्पादन ११.१ प्रतिशले ह्रास आएको छ । त्यसैगरी, सीमेन्ट उत्पादनमा ५.२ प्रतिशतले एवम् फलामको छड तथा पत्ती उत्पादनमा ७.३ प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा विभिन्न प्रकारका औषधीहरुको उत्पादनमा समेत ह्रास आएको छ ।


(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यतया प्रशोधित दूध, हल्का पेय पदार्थ, पस्मिना, चाउचाउ, रंग, औषधी, जुत्ता आदिको उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा वनस्पती घिउ तथा तेल, चिनी, चाउचाउ, चिया, जुटका सामान, प्लाष्टिकका सामान, फलामको छड तथा पत्ति, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, ईटा, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ । त्यसैगरी वीरगञ्ज क्षेत्रमा वनस्पति घिउ, तेल, प्रशोधित दूध, पशुदाना, चिनी, हल्का पेय पदार्थ, चुरोट, छाला, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी आदि; पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदि; सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, पेय पदार्थ, औषधि, सिमेण्ट आदि नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, चामल, सिमेण्ट आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, रोजिन, साबुन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

(क) समीक्षा वर्षमा अध्ययन क्षेत्र अन्तर्गतका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २१.६ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ७८ अर्ब ४१ करोड पुगेको छ । गत आर्थिक

वर्ष यस्तो कर्जा २९.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जा मध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३६.७ प्रतिशत रहेको छ । (तालिका ८, समग्र तथा क्षेत्रगत) ।

(ख) समीक्षा वर्षमा उत्पादन सम्बन्धी उद्योगमा १५.६ प्रतिशतले, निर्माण क्षेत्रमा २२.३ प्रतिशतले, विद्युत, ग्याँस तथा पानी शीर्षकमा ४२.४ प्रतिशतले, पर्यटन क्षेत्रमा ३३.६ प्रतिशतले, र धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक शीर्षकमा ४३.९ प्रतिशतले कर्जा वृद्धि भएको छ । खानी सम्बन्धी शीर्षकमा भएको कर्जा प्रवाहमा भने ०.५ प्रतिशतले ह्रास आएको छ ।




(ग) यसरी प्रवाहित कुल औद्योगिक कर्जामध्ये उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ५०.२ प्रतिशत कर्जा प्रवाह भएको छ भने सबैभन्दा न्यून अर्थात् ०.७ प्रतिशत कर्जा खानी सम्बन्धी उद्योगमा प्रवाह भएको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा २८.२ प्रतिशत, पर्यटन उद्योगमा ८.७ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगमा ७.५ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ४.६ प्रतिशत कर्जा प्रवाह भएको छ ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश सबैभन्दा बढी अर्थात ६१.० प्रतिशत एवम् जनकपुर र धनगढी क्षेत्रहरुको अंश सबैभन्दा कम अर्थात दुवैमा क्रमशः १.८ प्रतिशत र १.८ प्रतिशत रहेको छ । सबैजसो ठूला बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालयहरु काठमाण्डौ क्षेत्रमा रहेका र ठूलो कर्जा लगानी सम्बन्धी सम्पूर्ण अख्तियारी प्रायः केन्द्रीय कार्यालयहरुमै रहने गरेकाले कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश उच्च देखिएको हो ।

## २.३ औद्योगिक उत्पादन परिदृश्य (Outlook)

(क) बढ्दो शहरीकरणसँगै उपभोक्ताहरुको उपभोग प्रवृत्तिमा आएको परिवर्तनस्वरुप बजार मागमा आएको वृद्धि जस्ता कारणहरुले गर्दा ईन्धन तथा कच्चा पदार्थ आयात सहज भएमा चाउचाउ, चकलेट, बियर र हल्का पेय पदार्थ जस्ता वस्तुको उत्पादन बढ्ने देखिन्छ ।

(ख) सरकारले समयमा नै उखुको मूल्य निर्धारण गर्न नसक्नु, मूल्य निर्धारण भएपछि पनि चिनी उद्योगहरुले समयमा किसानहरुलाई उखुको मूल्य समयमा भुक्तान गर्न नसकेको वर्तमान अवस्थामा उखु खेती गर्ने किसानहरुको यस खेतीतर्फ आकर्षण घट्न गई खेती गरिएको क्षेत्रफलमा खासै सुधार आउन नसकेकोले चालु आर्थिक वर्षमा चिनीको उत्पादनमा ह्रास हुने देखिन्छ ।

(ग) सरकारले सञ्चालन गरेको विभिन्न प्रोत्साहनमुलक कार्यक्रमहरुका कारण युवा शक्तिको व्यावसायिक पशुपालन तर्फ आर्कषण बढ्न गएकोले मासुको उत्पादनका साथै प्रशोधित दूध तथा दुग्धजन्य वस्तुहरुको उत्पादन बढ्न जाने देखिन्छ ।

(घ) गत बैशाख १२ गतेको विनाशकारी भूकम्पले क्षति पुऱ्याएका संरचनाहरुको पुनर्निर्माणले गति लिन सक्ने अपेक्षाका आधारमा ईट्टा, फलामको छड तथा पत्ती, सिमेण्ट जस्ता निर्माणजन्य सामग्रीको मागमा वृद्धि हुने देखिन्छ ।

(ङ) सीमा अवरोधका कारण निकासीमा असहजता आएको तथा अन्तराष्ट्रिय बजारमा नेपाली गार्मेन्ट तथा तयारी पोशाकको मागमा आएको कमीका कारण गार्मेण्ट तथा तयारी पोशाकको उत्पादन केही ह्रास हुन जाने देखिन्छ ।

(च) नेपाल सरकारले सर्वसाधारणका लागि उपलव्ध गराउँदै आएको निशुल्क औषधिको आपुर्तिमा आएको कमी तथा स्वदेशी औषधि भन्दा आयातित औषधिको बढी उपयोग गरिनु जस्ता कारणबाट नेपाली औषधि उद्योगहरुमा औषधिको मागमा आएको कमीले गर्दा औषधिजन्य वस्तुहरुको उत्पादनमा ह्रास आउने सम्भावना देखिन्छ ।

(छ) भारतीय रबर उद्योगहरुबाट उत्पादित टायर तथा ट्युबको तुलनामा नेपाली टायर तथा ट्युबको मूल्य बढी पर्ने भएको हुँदा नेपाली बजारमा भारतीय टायर तथा ट्युबको माग उच्च रहेकोले नेपाली टायर तथा ट्युबको उत्पादन क्रमशः घट्दै गएको र चालु आर्थिक वर्षमा पनि यसको उत्पादनमा ह्रास आउने सम्भावना देखिन्छ ।

(ज) हाल तराईका जिल्लाहरुमा भैरहेको बन्द, हड्ताल जस्ता गतिविधिहरुको समयमै अन्त्य नहुने हो भने सम्पूर्ण औद्योगिक उत्पादनमा ह्रास आउने देखिन्छ ।

**परिच्छेद ३**

# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

(क) समीक्षा वर्षमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटलको संख्या १.५ प्रतिशतले वृद्धि भई १ हजार ९ सय ८७ पुगेको छ भने होटल शैया संख्या ३.८ प्रतिशतले वृद्धि भई ४२ हजार ४ सय ३४ पुगेको छ । गत वर्षको सोही अवधिमा होटल संख्यामा १४.७ प्रतिशतले र शैया संख्यामा १६.३ प्रतिशतले वृद्धि भएको थियो । (तालिका ९, समग्र तथा क्षेत्रगत) ।

## ३.२ घर-जग्गा कारोबार


(क) समीक्षा वर्षमा समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा ६.४ प्रतिशतले कमी आएको छ । गत वर्ष सो संख्यामा ४.८ प्रतिशतले वृद्धि भएको थियो । यस अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा ४४.३ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब ७१ करोड कायम भएको छ । गत वर्ष यस्तो राजस्व संकलनमा १८.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्यामा ०.६ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो संख्यामा ६.० प्रतिशतले वृद्धि भएको थियो । (तालिका १०, समग्र तथा क्षेत्रगत) ।

(ख) समीक्षा वर्षमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा १६.९ प्रतिशतले, विराटनगर क्षेत्रमा २.३ प्रतिशतले, जनकपुर क्षेत्रमा २१.७ प्रतिशतले, पोखरा क्षेत्रमा ७.० प्रतिशतले, नेपालगञ्ज क्षेत्रमा १७.५ प्रतिशतले र धनगढी क्षेत्रमा २५.५ प्रतिशतले ह्रास आएको छ भने वीरगञ्ज क्षेत्रमा ६.८ प्रतिशतले र सिद्धार्थनगर क्षेत्रमा १७.९ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन सबै क्षेत्रमा वृद्धि भएको छ जसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ५५.७ प्रतिशतले र धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् ५.५ प्रतिशतले वृद्धि भएको छ । क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा काठमाण्डौ, वीरगञ्ज, सिद्धार्थनगर तथा धनगढी क्षेत्रमा घर/भवन नक्सा पास संख्यामा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा यस्तो संख्यामा वृद्धि भएको छ ।

## ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ४७ जिल्लामा वाणिज्य बैंकका १५२७, विकास बैंकका ७६१, वित्त कम्पनीका २३७ तथा लघुवित्त विकास बैंकका १०१४ गरी जम्मा ३५३९ वटा शाखाहरु सञ्चालनमा छन् । यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् १०११ वटा तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् १७४ वटा शाखाहरु सञ्चालनमा रहेका छन् । (तालिका ११)

(ख) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप २०.३ प्रतिशतले वृद्धि भई रु. १६ खर्ब ८२ अर्ब ३३ करोड पुगेको छ । गत वर्ष यस्तो निक्षेप २१.० प्रतिशतले वृद्धि भएको थियो । अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तारका कारण सर्वसाधारणको वित्तीय पहुँचमा भएको अभिवृद्धि एवम् रेमिट्यान्स आप्रवाहमा आएको वृद्धि लगायतका कारण निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।




(ग) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा २२.३ प्रतिशतले वृद्धि भई रु. १३ खर्ब २ अर्ब ५३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा प्रवाह २०.२ प्रतिशतले वृद्धि भएको थियो । बैंक तथा वित्तीय संस्थाको कर्जाको वृद्धिदर निक्षेपको वृद्धिदर भन्दा बढी रहेको कारण गत वर्ष ७६.२ प्रतिशत रहेको कर्जा/निक्षेप अनुपात समीक्षा वर्षमा ७७.४ प्रतिशत कायम भएको छ । (तालिका १२) ।

(घ) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.३ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ७.३ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.५ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५४.७ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रको ११.१ प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको अंश २.६ प्रतिशत रहेको छ ।

## ३.४ यातायात तथा संचार

(क) समीक्षा वर्षमा अध्ययन क्षेत्र अर्न्तगत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्को आधारमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा १६.९ प्रतिशतले वृद्धि भएको छ; जसमध्ये मोटरसाईकलको संख्या १५.५ प्रतिशतले तथा अन्य सवारी साधनको संख्या २१.४ प्रतिशतले बढेको छ । (तालिका १८) ।

(ख) समीक्षा वर्षमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल (सिडिएमए समेत) तथा ल्याण्ड-लाइन टेलिफोनको संख्यामा १४.५ प्रतिशतले वृद्धि भई २ करोड ८१ लाख ५ हजार ९ सय ७१ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा ३१.७ प्रतिशतले वृद्धि भई १ करोड १५ लाख ६९ हजार २ सय ९४ पुगेको छ । केन्द्रीय तथ्याङ्क विभागबाट प्रक्षेपण गरिएको जनगणनालाई आधार मान्दा समीक्षा वर्षमा ९९.८ प्रतिशत नेपालीहरुमा टेलिफोनको पहुँच देखिन्छ भने ईन्टरनेटको पहुँच ४१.१ प्रतिशत जनसंख्यामा रहेको छ । (तालिका २२) ।

### ३.५ शिक्षा तथा स्वास्थ्य

(क) अध्ययन क्षेत्रका जिल्ला शिक्षा कार्यालयहरुबाट प्राप्त शैक्षिक सत्र २०७२ को तथ्याङ्क अनुसार सरकारी/सामुदायिक र संस्थागत (निजी) गरी कुल विद्यालय संख्या (उच्च मा. वि. सहित) २४ हजार ९ सय ८४ रहेका छन् । जसमध्ये १८ हजार ५ सय ४ सामुदायिक र ६ हजार ४ सय ८० निजी विद्यालय रहेका छन् । सामुदायिक विद्यालयतर्फ कुल विद्यार्थी संख्यामा ८.५ प्रतिशतले ह्रास आई ३८ लाख ३३ हजार ४ सय ७ कायम भएको छ । अध्ययन क्षेत्रमा रहेका ३ सय १५ प्राविधिक शिक्षालयबाट कुल २२ हजार ४ सय ४७ जनाले प्राविधिक शिक्षा प्राप्त गर्नसक्ने देखिन्छ । (तालिका १९) ।

(ख) समीक्षा वर्षमा अध्ययन क्षेत्रमा सरकारी तथा निजी गरी कुल ४ सय ७५ अस्पताल रहेका छन् जसमा १ सय १५ वटा अस्पताल सरकारी क्षेत्रबाट एवम् ३ सय ६० वटा निजी क्षेत्रबाट संचालित छन् । जसमा कुल २५ हजार ६ सय ३५ शैया छन् भने सरकारी क्षेत्रबाट संचालित अस्पतालहरुमा १ हजार ३ सय ४४ चिकित्सकहरुले सेवा प्रदान गरिरहेका छन् । (तालिका २०) ।

### ३.६ सेवा क्षेत्रको परिदृश्य (Outlook)

(क) आर्थिक वर्ष २०७२/७३ मा साउन महिनाको अन्त्यतिरबाट तराई क्षेत्रमा शुरु भएको बन्द हडताल एवम् सीमा अवरोधले गर्दा इन्धन आपुर्तिमा आएको कमीका कारण समग्र यातायात प्रणालीमा प्रत्यक्ष असर परेको र गत बैशाख महिनामा गएको विनाशकारी भूकम्पले पर्यटकीय क्षेत्रमा समेत क्षति पु¥याएका कारण पर्यटकहरुको आगमन संख्यामा गत वर्षको तुलनामा ह्रास आउने अनुमान गरिएको छ ।

(ख) विनाशकारी भूकम्पले धेरै धनजन क्षति पु¥याएको र भत्किएका संरचनाको पुनर्निर्माण गर्न र नयाँ संरचना बनाउन चालु आर्थिक वर्षमा सरकारले घर-जग्गा सम्बन्धी नयाँ मापदण्ड लागु गरे पश्चात् जग्गा विकास तथा भवन निर्माण कार्यमा नयाँ प्राबधानका कारण घर-जग्गा कारोबार र नक्सा पास संख्यामा गिरावट आउन सक्ने अनुमान गरिएको छ ।

(ग) दुर्गम तथा पहाडी क्षेत्रहरुका सर्वसाधारणमा वित्तीय सेवा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले लिएको नीति तथा वित्तीय साक्षरता अभियानको परिणाम स्वरुप ती क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार हुनगई सर्वसाधारणहरुको वित्तीय पहुँचमा अभिवृद्धि हुने देखिन्छ ।

(घ) चालु आर्थिक वर्षमा समयमै बजेट पारित भएतापनि संविधान निर्माणसँगै देशका तराई क्षेत्रमा भएको लगातारको बन्द हडतालका कारण अत्यावश्यक वस्तुहरुको आपूर्तिमा आएको अवरोध लम्विन गएको खण्डमा शिक्षा, स्वास्थ्य तथा पूर्वाधार लगायतका क्षेत्रहरुको विकासमा संकुचन आउन सक्ने देखिन्छ ।

(ङ) सूचना तथा सञ्चारको क्षेत्रमा भइरहेको तीव्र प्रतिस्पर्धा तथा लगानीमा भईरहेको विस्तारका कारण सेवाको गुणस्तर अभिवृद्धि हुनुका साथै यस्तो सेवा ग्रामीण क्षेत्रमा थप विस्तार हुँदै जाने देखिन्छ ।

परिच्छेद ४

# प्रमुख चुनौतीहरू

## ४.१ कृषि क्षेत्र

- आधुनिक सिँचाई प्रणालीको अभाव एवम् मनसुनमा निर्भर रहेको कृषि क्षेत्रको विकासका लागि निर्माणाधीन ठूला तथा बहुउद्देश्यीय परियोजनाहरु समयमा नै सम्पन्न गर्ने, भूकम्पले क्षति पुऱ्याएका परम्परागत कुलो र साना सिँचाइ आयोजनाहरुको यथाशिघ्र मर्मत-संभार गर्ने एवम् बीउ/विजन, रासायनिक मल, किटनाशक औषधी तथा यन्त्र-उपकरणहरुको सहज आपूर्ति मार्फत कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने चुनौती रहेको छ।

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन जलवायु परिवर्तनलाई समेत ध्यान दिदै देशको भौगोलिक विविधताका आधारमा साना, मझौला तथा ठूला एवम् जलाशययुक्त सिँचाइ आयोजनाको निर्माण गरी सिँचाई सुविधामा विस्तार गर्ने, माटोको परीक्षण गरी त्यसको गुणस्तरमा सुधार गर्नुका साथै भौगोलिक विविधताको आधारमा उन्नत बीउ/विजनको विकास गर्ने तथा युवाशक्तिलाई यस क्षेत्रमा आकर्षित गर्न आवश्यक वित्तीय पहुँचको विस्तार र प्रभावकारी कृषि प्रसार सेवाको सुनिश्चितता प्रदान गर्ने जस्ता चुनौतीहरु रहेका छन्।

- भूकम्प पश्चात क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण हालसम्म हुन नसकेको र प्रभावित क्षेत्रमा तत्कालका लागि निर्मित अस्थायी टहराहरुमा उत्पादित कृषि उपजहरु संचय गरेर राख्ने स्थान समेत नभएका कारण चालु आर्थिक वर्षमा उत्पादित कृषि उपजहरुलाई जोगाएर राख्ने चुनौती एकातिर टड्कारो रुपमा देखापरेको छ भने अर्कोतिर तराई क्षेत्रमा जारी बन्द हड्तालका कारण इन्धनको आपुर्ति असहज हुँदा उत्पादित कृषि उपजहरुलाई बजारसम्म पुऱ्याउन कठिनाइका कारण कृषी उपजहरुको बजारीकरण गर्ने चुनौती रहेको छ।

- विचौलियाका कारण किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउन नसक्ने र उपभोक्ताहरुले बढी मूल्य तिर्नुपर्ने अवस्थाको अन्त्य गर्न तथा कृषकहरुलाई यस क्षेत्रमा आकर्षित गर्न कृषि उपजहरुको समर्थन मूल्य निर्धारण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक देखिन्छ।

- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्न सहकारी संस्थाहरु मार्फत उन्नत बीउ/विजन, आधुनिक प्रबिधि एवम् उपकरणको प्रयोग, उन्नत पशुपालन सम्बन्धी तालिमको व्यवस्था तथा आधुनिक पशु-प्रजनन केन्द्र विस्तार गर्ने कार्यहरु र यस क्षेत्रमा आइपर्ने जोखिम न्यूनीकरण गर्न बाली तथा पशुपंछी बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनु आवश्यक छ।

- आर्थिक वर्ष २०७०/७१ देखि कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन यस क्षेत्रमा युवा जनशक्तिलाई आकर्षित गर्ने उद्देश्यले सरकारले ल्याएको विभिन्न सहुलियत तथा व्याज अनुदानका कार्यक्रमहरुलाई प्रभावकारी बनाउदै त्यसलाई आगामी वर्षहरुमा व्यापकता दिदैं कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी भारतीय कृषि उपजसँग प्रतिस्पर्धी बनाउने कार्य चुनौतीको रुपमा रहेको छ।

## ४.२ उद्योग क्षेत्र

- उद्योग क्षेत्रमा हुने गरेका बन्द, हडताल तथा चन्दा असुली जस्ता समस्या केही समय यता कमी देखिएतापनि देशमा संविधान निर्माण पश्चात् तराई क्षेत्रमा शुरु भएको बन्द हडतालले गर्दा कच्चा पदार्थ, इन्धन लगायतका आवश्यकीय वस्तुहरुको आपूर्तिमा आएको अवरोधका कारण प्रायः उद्योगहरु हाल बन्द नै रहेको र देशको संघीय संरचना कार्यान्वयन पछि औद्योगिक क्षेत्रमा संभावित नीतिगत अन्यौलता रहेको सन्दर्भमा उद्योग क्षेत्रमा लगानीका लागि मनोबल बढाउने एवम् पूँजी आकर्षित गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।
- उर्जा संकट प्रमुख चुनौतीको रुपमा रहेको हालको अवस्थामा उपलव्ध विद्युतलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिमार्फत व्यवस्थित गर्ने र उर्जा संकटको अन्त्य गर्न विद्युत उत्पादनका लागि लगानीमैत्री वातावरणका माध्यमबाट अधिकतम स्वदेशी पूँजी परिचालन गर्ने तथा वैदेशिक लगानी आकर्षित गर्नु आवश्यक छ । साथै, उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न समय सापेक्ष नीतिगत व्यवस्थामा सुधार र प्रभावकारी कार्यान्वयन गरी उद्योगमैत्री वातावरणका माध्यमबाट लगानीको सुनिश्चितता प्रदान गर्नु आवश्यक छ ।
- स्वदेशी कच्चापदार्थ, श्रम र सीपको उपयोग गर्ने उद्योगहरुको स्थापनामा जोड दिई स्वदेशमै रोजगारीका अवसरहरु सृजना गर्ने, विशेष आर्थिक क्षेत्रको स्थापना र यसको उपयोगमार्फत औद्योगिक उत्पादन अभिवृद्धि गर्न नयाँ प्रविधिहरुको प्रयोगमा जोड दिई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने तथा निर्यातजन्य उद्योगहरुलाई प्रोत्साहन गर्न निर्यात प्रवर्द्धन गृहको स्थापना गर्ने जस्ता कार्य प्रभावकारी रुपमा अघि बढाउनु पर्ने देखिन्छ ।

## ४.३ सेवा क्षेत्र

- गत बैशाख १२ गतेको भूकम्पले काठमाडौं उपत्यका लगायत भूकम्पबाट अति प्रभावित जिल्लामा रहेका सम्पदाहरु र केही हिमाली भेगका ट्रेकिङ्ग रुटहरुमा क्षति पुऱ्याएको र नेपालको संविधान जारी भएसँगै तराई क्षेत्रमा शुरु भएको बन्द हडतालका कारण पर्यटन क्षेत्रमा परेको नकारात्मक असरलाई कम गर्ने कार्य चुनौतिपूर्ण रहेको छ । खासगरी, भूकम्पले काठमाण्डौ उपत्यकाका सम्पदाहरु र हिमाली भेगका ट्रेकिङ्ग रुटहरुमा क्षति पुऱ्याएतापनि नेपालमा अझै प्रशस्त प्राकृतिक, साँस्कृतिक तथा धार्मिक पर्यटन गन्तव्यहरु सुरक्षित रहेको बारे कूटनैतिक माध्यमद्धारा अन्तर्राष्ट्रिय स्तरमा सकारात्मक सन्देश प्रवाह गर्नु, क्षतिग्रस्त प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरु यथाशीघ्र पुनर्निर्माण गर्नुपर्ने चुनौति रहेको छ ।
- वित्तीय सेवाको पहुँच दुर्गम तथा ग्रामीण क्षेत्रसम्म विस्तार गर्न वित्तीय साक्षरता अभियानलाई गाउँस्तरसम्म पुऱ्याई साना बचतकर्ताहरुमा बैंकिङ्ग बानीको विकास गर्ने र संकलित वित्तीय स्रोतको उपयोग कृषि, घरेलु तथा साना उद्योग लगायत उत्पादनशील क्षेत्रमा जाने कर्जा विस्तारमार्फत स्थानीय स्तरमा नै उपयोग हुने नीति निर्माण गरी कार्यान्वयनमा जोड दिनु आवश्यक छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- पूर्वाधार निर्माणसँग सम्बन्धित निकायहरुबीच समन्वय नहुँदा पूर्वाधारहरु निर्माण तथा मर्मत कार्यहरु पारदर्शी, प्रभावकारी र गुणस्तरीय बनाउने, ठूला पूर्वाधार निर्माणका कार्यमा वैदेशिक लगानीकर्ताहरुलाई सहभागी गराउन आवश्यक वातावरणको सृजना गर्ने कार्य चुनौतिको रुपमा रहेको छ । यसैगरी, राष्ट्रिय महत्वका ठूला परियोजनाहरु समयमा नै सम्पन्न गर्नका लागि बहुवर्षीय बजेट तथा ठेक्का प्रणालीको ठोस र प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ ।
- विनाशकारी भूकम्प पश्चात क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माणका लागि निश्चित मापदण्ड तयार गरी आगामी दिनहरुमा सुरक्षित बसोबास निर्माण गर्ने कार्य अगाडी बढाउन

अध्यादेश मार्फत गठन गरिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आवश्यक कानूनी संरचनाको अभावमा हालसम्म पनि पूर्णता पाउन नसकेको कारण पुनर्निर्माण कार्य यथाशीघ्र अगाडी बढाउनुपर्ने चुनौति देखापरेको छ । यसैगरी, संविधान निर्माणसँगै तराई क्षेत्रमा भएको लगातारको बन्द हडतालका कारण इन्धन आपूर्ति लगायत पूर्वाधार विकासका लागि निर्माण सामग्रीहरुको उत्पादन तथा आपुर्तिमा परेको प्रभावले शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, प्राकृतिक सम्पदा लगायतका क्षेत्रको पुनर्निर्माणमा प्रत्यक्ष असर पार्ने देखिन्छ ।

***

# अनुसूचि
# विनासकारी भूकम्पको क्षति तथा असर

## भूकम्पबाट परेको प्रभाव

वि.सं.२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प एवम् तत्पश्चातका परकम्पहरुबाट मुलुकमा ठूलो जनधनको क्षति भएको छ । भूकम्पमा भएको मानवीय एवम् भौतिक क्षतिको यथार्थ विवरण आईनसकेतापनि सरकारी तथा विभिन्न गैर-सरकारी तवरबाट क्षतिको अनुमान गरिएको छ । सरकारले १४ जिल्लाहरु (सिन्धुपाल्चोक, काठमाण्डौं, नुवाकोट, धादिङ्ग, रसुवा, गोरखा, भक्तपुर, काभ्रेपलाञ्चोक, ललितपुर, दोलखा, मकवानपुर, सिन्धुली, रामेछाप र ओखलढुंगा) लाई भूकम्पबाट अति प्रभावित जिल्लाहरुको सूचीमा राखिएको छ । भूकम्पपश्चात कुन कुन क्षेत्रमा के कति क्षति भयो सोको अनुमानको लागि विपद् पछिको आवश्यकता आँकलन (Post Disaster Needs Assesment, PDNA) सम्पन्न गरिएको थियो । यसबाट प्राप्त प्रतिवेदनको अनुसार भूकम्पका कारण देशमा कुल रु. ६ खर्ब ६९ अर्ब बराबरको क्षति भएको अनुमान रहेको छ ।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७१/७२ को वार्षिक आर्थिक गतिविधि अध्ययनको क्रममा भूकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये बैंकको अध्ययन क्षेत्र अन्तर्गतका १२ जिल्लाहरु (सिन्धुपाल्चोक, काठमाण्डौं, नुवाकोट, धादिङ्ग, रसुवा, गोरखा, भक्तपुर, काभ्रेपलाञ्चोक, ललितपुर, दोलखा, मकवानपुर र सिन्धुली) मा भूकम्पले पुऱ्याएको क्षति र सोको पुनर्निर्माणको अवस्था समेतको तथ्याङ्क संकलन तथा विश्लेषण गरिएको छ ।

## मानवीय क्षति

भूकम्पका कारण देशभरमा ८,८५६ जना मानिसहरुको मृत्यू भएको छ भने २२,३०९ जना घाईते भएको तथ्याङ्क छ । बैंकको अध्ययन क्षेत्र अन्तर्गतका १२ जिल्लाहरुमा कुल ८,७१० जना मानिसहरुको मृत्यू भएको तथा २०,९६८ जना घाईते भएको पाईएको छ । यसबाहेक रसुवा जिल्लाको लाङटाङ उपत्यका लगायत केही अति दुर्गम स्थानहरुमा हिउंपहिरोका कारण थप मानवीय क्षति भएको अनुमान गरिएको छ ।

## कृषि उत्पादनमा ह्रास एवम् संचित खाद्यान्नमा क्षति

२०७२ वैशाख १२ गते भूकम्प आउंदाको बखत उच्च पहाडी भेगमा मकै खेती लगाई सकिएको, मध्य पहाडी भेगमा मकै खेती लगाउने समय भईरहेको तथा बेंशी एवम् तराई/मधेश स्थित जिल्लाहरुमा मकै खेती शुरु गर्ने समय भएकोले यस खेतीमा भौगोलिक अवस्थिति अनुसार छुट्टाछुट्टै प्रभाव परेको छ । मकै खेती लगाई सकिएका स्थानहरुमा खेतीको स्याहार सम्भार प्रभावित भएको छ, समयानुसार गोडमेल, किटनासक औषधी एवम् रासायनिक मलको प्रयोगका साथै प्राविधिक सेवा प्रभावित भएको छ । ठूलो भूकम्प पश्चात लगातारका परकम्पहरुबाट प्रभावित क्षेत्रका वासिन्दाहरु खेतीपातीमा पर्याप्त समय दिन समेत नसकेको लगायतका कारण स्थलगत सर्वेक्षणबाट समेटिएका जिल्लाहरुमा मकैको उत्पादन २० प्रतिशतसम्मले गिरावट आउने देखिएको छ । भूकम्प पश्चात कतिपय कुलो नहरहरु क्षतिग्रस्त भएका तथा रासायनिक मल, बीउ आपूर्ति कार्य प्रभावित भएकोले प्रभावित क्षेत्रमा धान बालीको उत्पादन १० प्रतिशतसम्म गिरावट आउने देखिन्छ । अध्ययन क्षेत्र अन्तर्गत भूकम्पबाट अति प्रभावित १२ जिल्लाहरुमा धान, मकै, गहुँ, कोदो सहित करीब १ लाख ४४ हजार मेट्रिक टन (सरदर मूल्य रु ४ अर्ब ७६ करोड) संचित खाद्यान्नहरु नष्ट भएको छ ।

### पशुधनमा क्षति

भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरु मध्ये अध्ययन क्षेत्र अन्तर्गतका १२ जिल्लाहरुमा भूकम्पका कारण घरपालुवा पशुपंछीमा पनि ठूलो क्षति पुगेको छ । स्थलगत सर्वेक्षण एवम् उपलब्ध अन्य स्रोतहरुबाट प्राप्त जानकारीको आधारमा अध्ययन क्षेत्र अन्तर्गतका १२ जिल्लाहरुमा कुल १८,९८१ ठूला चौपायाहरु नष्ट भएका छन् । त्यसैगरी, ४३,२९३ साना चौपायाहरु एवम् ५ लाख ७० हजार भन्दा बढी हाँस कुखुरा लगायतका घरपालुवा पंछीहरु नष्ट भएका छन् । यसरी नष्ट भएका सबै पशुपंछीहरुको मूल्य रु १ अर्ब ७० करोड भन्दा अधिक हुने अनुमान गरिएको छ ।

### सडक यातायातमा क्षति

भूकम्पको परिणामस्वरुप कैयौं ग्रामीण सडक सञ्जालमा सुख्खा पहिरो जाँदा सडक यातायात प्रभावित भएको छ भने कतिपय पक्की सडक समेत भासिने एवम् पहिरोले पुरिन गई यातायात प्रभावित भएको छ । खासगरी, भूकम्पको सबैभन्दा ठूलो प्रभाव चीनतर्फका नाका जोड्ने दुई प्रमुख राजमार्गहरुमा स्पष्ट देखिएको छ । चीनसंगको व्यापारिक नाका जोड्ने महत्वपूर्ण अरनिको राजमार्गको बाह्रवीसे-लिपिङ्ग खण्ड सबैभन्दा बढी क्षतिग्रस्त भएको देखिन्छ । भूकम्प पश्चात पनि बर्षातको समयमा ठाउंठाउंमा पुनः पहिरो गई यो राजमार्ग लामो समयसम्म अवरुद्ध रहेकोले २०७२ श्रावणमा स्थलगत सर्वेक्षण गर्दासम्म यो सडक सञ्चालनमा आउन सकेको थिएन । हाल यो सडकको पहिरो हटाई खुला गरिएतापनि आयात-निर्यात हुने गरी यातायात सुचारु हुन सकेको छैन ।

जलविद्युत आयोजनातर्फ ४५६ मेगावाट क्षमताको अपर तामाकोशी जलविद्युत आयोजनाको आयोजना स्थलसम्म जाने सडक क्षतिगस्त भएकोले आयोजनाको निर्माण कार्य अझै सुचारु हुन सकेको छैन । त्यसैगरी, चीनतर्फको सीमानाका जोड्ने अर्को महत्वपुर्ण पासाङ ल्हामु राजमार्गको स्याफ्रुबेंशी-रसुवागढी खण्डमा पनि ठाउंठाउंमा सडक भासिने तथा पहिरोले अवरुद्ध भएको सडक नेपाल तर्फको खण्डमा पहिरो हटाई यातायात चल्न योग्य बनाईएको भएतापनि चीनतर्फको मार्गमा रहेको समस्याको कारण स्थलगत सर्वेक्षण गर्दाको बखतसम्म यातायात सुचारु भएको थिएन । यो प्रतिवेदन तयार पार्दासम्म चीनतर्फको अवरोध समेत हटाई नेपाल-चीन बीच आयात निर्यात सुचारु गरिएको छ । ग्रामीण क्षेत्रमा ठूलो महत्व राख्ने साना तथा मझौला पुलहरु समेत भूकम्पबाट क्षतिग्रस्त भएका छन् । भूकम्पबाट आंशिक तथा पूर्ण क्षतिग्रस्त पुलहरुको कुल संख्या ३९६ रहेको जानकारी प्राप्त भएको छ ।

### ऐतिहासिक सम्पदाहरुमा क्षति

अध्ययन क्षेत्र भित्रका प्राचीन कालमा निर्मित गौरवमय ईतिहास बोकेका धार्मिक एवम् अन्य ऐतिहासिक सम्पदाहरु पनि भूकम्पबाट क्षतिग्रस्त भएका छन् । यस्ता कतिपय संरचनाहरु युनेस्कोको विश्व सम्पदा सूचीमा पनि समाविष्ट भएका छन् । विनासकारी भूकम्प एवम् तत्पश्चातका परकम्पहरुबाट कुल १६ वटा मुख्य सम्पदाहरुमा ठूलो क्षति र २१ वटा मुख्य सम्पदाहरुमा सामान्य क्षति पुगेको छ । साना एवम् मझौला स्तरका मठ मन्दिर एवम् अन्य पर्यटकीय महत्वका सम्पदाहरुमा भूकम्पले पारेको क्षति पूर्ण जानकारी अझै उपलब्ध हुन सकेको छैन ।

### विद्यालय भवन तथा कक्षा कोठाहरुमा क्षति

अध्ययन क्षेत्र अन्तर्गत भूकम्पबाट अति प्रभावित १२ जिल्लाहरुमा कुल ८,३०८ विद्यालय भवनहरुमा क्षति पुगी उक्त भवनहरुमा रहेका कुल १९,७०८ कक्षा कोठाहरु पूर्णरुपमा क्षतिग्रस्त भएका छन् । क्याम्पस तथा विश्वविद्यालय स्तरका भवन एवम् कक्षा कोठाहरुमा भएको क्षतिको विवरण भने यसमा समावेश छैन ।

**सरकारी भवनहरु एवम् स्वास्थ्य संस्थाहरुमा क्षति**

विनासकारी भूकम्पबाट देशभर २६७३ सरकारी भवनहरु पूर्ण रुपमा क्षतिग्रस्त भएका र ३७५७ सरकारी भवनहरु आंशिक रुपमा क्षतिग्रस्त भएका थिए । अध्ययन क्षेत्र अन्तर्गतका १२ जिल्लाहरुमा पूर्ण क्षतिग्रस्त भएको सरकारी भवनहरुको संख्या २०६३ तथा आंशिक क्षतिग्रस्त भएको भवनहरुको संख्या १११४ गरी कुल ३१७७ भवनहरुमा क्षति पुगेको देखिएको छ । त्यसैगरी, अध्ययन क्षेत्र अन्तर्गत ४५५ स्वास्थ्य संस्थाहरु पूर्ण क्षतिग्रस्त भएका एवम् ४१२ स्वास्थ्य संस्थाहरु आंशिक रुपमा क्षतिग्रस्त समेत गरी कुल ८६७ स्वास्थ्य संस्थाहरुमा क्षति पुगेको देखिन्छ ।

**निजी घर/भवनहरुमा क्षति**

२०७२ वैशाख १२ गतेको विनासकारी भूकम्प एवम् तत्पश्चातका परकम्पहरुबाट सबैभन्दा बढी निजी आवासीय घर/भवनहरुमा क्षति पुगेको छ । भूकम्पबाट देशभर कुल ६ लाख २ हजार २५७ घरहरु पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् भने २ लाख ८५ हजार ९९ घरहरु आंशिक रुपमा क्षतिग्रस्त भई कुल ८ लाख ८७ हजार ३५६ नीजि घर/भवनहरुमा क्षति पुगेको अनुमान गरिएको थियो । अध्ययन क्षेत्र अन्तर्गतका भूकम्पबाट अति प्रभावित १२ जिल्लाहरुमा भने ५ लाख ८ हजार ५४६ घरहरु पूर्णरुपमा क्षतिग्रस्त भएका छन् भने १ लाख ५१ हजार १२५ घरहरुमा आंशिक क्षति पुगी कुल ६ लाख ५९ हजार ६७१ नीजि घर/भवनमा क्षति पुगेको देखिन्छ ।

**पुनर्निर्माणको अवस्था**

विनासकारी भूकम्प पश्चात गरिएको विपत् पछिको आवश्यकता आँकलन (PDNA) सर्वेक्षणमा कुल रु. ६ खर्ब ६९ अर्ब नोक्सान भएको अनुमान गरिएको थियो । भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माणमा सहयोग जुटाउने उद्देश्यले नेपाल सरकारले २०७२ असार १० गते दातृ निकायहरुको सम्मेलन काठमाडौंमा आयोजना गरेको थियो । उक्त सम्मेलनमा विभिन्न द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकायहरुबाट पुनर्निर्माण प्रयोजनको लागि कुल रु. ४ खर्ब ४० अर्ब सहयोग गर्ने प्रतिवद्धता प्रकट गरेको थियो । सरकारले आर्थिक वर्ष २०७२/७३ को बजेटमा क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण गर्ने उद्देश्यले रु. ९४ अर्ब बजेट विनियोजन गरेको थियो । त्यसैगरी, विनासकारी भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको यथाशीघ्र पुनर्निर्माण आवश्यक भएको महशुस गरी सरकारले अध्यादेश मार्फत पुनर्निर्माण प्राधिकरण गठन गरेतापनि आवश्यक कानूनी प्रकृया पुरा हुन नसकी उक्त प्राधिकरण क्रियाशील हुन सकेको छैन ।

नेपाल राष्ट्र बैंकले गर्ने नियमित आर्थिक गतिविधि अध्ययन अन्तर्गत २०७२ साउन र भदौ महिनामा गरिएको अध्ययन क्षेत्र अन्तर्गतका जिल्लाहरुको स्थलगत सर्वेक्षणको बखतसम्ममा भूकम्पबाट क्षतिग्रस्त निजी, सरकारी एवम् ऐतिहासिक संरचनाहरुको पुनर्निर्माण कार्य शुरु भएको पाईएको छैन । उपत्यकास्थित केही ऐतिहासिक सम्पदाहरुको पुनर्निर्माणमा विदेशी दातृ निकायहरुले सहयोग गर्ने आश्वासन प्राप्त भएतापनि यो प्रतिवेदन तयार पार्दाको बखतसम्म कतैपनि ठोस रुपमा पुनर्निर्माण कार्य शुरु भएको जानकारी प्राप्त भएको छैन ।

***